## बुढीगंगा सिप बिकास तथा प्रशिक्षण केन्द्रको बार्षिक प्रगति प्रतिबेदन २०८०/८१

**पृष्ठभूमि :** नेपालकै मानव विकास सुचकाङ्कमा ७७ औ जिल्लामा रहेको हिमाली जिल्ला प्राकृतिक रुपमा भरिपूर्ण, ऐतिहासिक तथा पर्यटकिय दृष्टिकोणमा सम्पन्न र आकर्षक केन्द्रको रुपमा बाजुरा जिल्ला रहेको छ । यस जिल्लालाई राजनितिक तथा प्रशासनिक दृष्टिकोणका आधारमा नौवटा स्थानिय तहमा विभाजन गरिएको छ, जसमा ५ वटा नगरपालिका र ४ वटा गाँउपालिका रहेका छन । वातावरणिय दृष्टिकोणबाट विविधता बोकेको र जिल्ला भित्रका अन्य पालिकाको तुलनामा भौगोलिक रुपमा मध्यम, प्राकृतिक रुपमा सौन्दर्यपुर्ण ऐतिहासिक बिशेषता बोकेको बार्जुकोट दरवार यस नगरपालिकाको आकर्षकको रुपमा रहेको छ । साविकका ब्रहमतोला,कुल्देवमाण्डौ र बाह्रविस गा वि स लाई गाभेर बुढीगंगा नगरपालिकाको रुपमा स्थापना भएको, हाल यस नगरपालिकालाई प्रशासकीय रुपमा १० वटा वडामा विभाजन गरी सार्वजनिक सेवा प्रवाहको व्यवस्था मिलाई नागरीकको घरदैलोमा सरकारको उपस्थितिको अवधारणालाई सार्थक तुल्याईएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा २० देखि ४९ वर्ष सम्मका युवाको संख्या जम्मा ७०७७ जना रहेको छ ,जसमध्ये ६५% भन्दा बढी युवाको जनसंख्या रोजगारी ,अध्ययन र कामको सिलसिलामा नगरपालिका भन्दा बाहिर रहेका छन ।सुदुर पश्चिमका अन्य जिल्लाको जस्तै यस पालिकाका अधिकांस युवाहरु रोजगारिको सिलसिलामा भारत जाने गर्दछन भने अहिले आएर बैदेशिक रोजगारीका लागि अन्य मुलकमा पनि जाने गरेका छन् ।छरिएर रहेका नगरपालिका भित्रको मानबिय पूजीलाइ आफ्नै माटोमा काम गर्ने बाताबरण तयार नगरुन्जेल सम्म नगरको बिकास हुन सक्दैन भन्ने कुरालाई मध्येनजर गर्दै यस नगरपालिकाले रोजगारी प्रबर्दनका बिभीन्न कार्यक्रम संचालन गरि रहेको छ ।

बुढीगंगा नगरपालिकाका नागरिकलाई राष्ट्रिय तथा अन्तरास्ट्रिय बजारको माग अनुकुलको ज्ञान तथा सीप प्रदान गरि रोजगारीका अवसरहरुको उपयोग गर्न सक्षम, सिपयुक्त र दक्ष जनशक्ति उत्पादन गरेर बेरोजगार तथा गरिबी न्युनीकरणमा ठोस योगदान पुर्याउने लक्ष्यका साथ बेरोजगार युवाहलाई स्वरोजगार बनाउन, बिभिन्न बिषयहरुका सीपमुलक तालिमहरु प्रदान गर्नुका साथै उनिहरुलाई ब्याबसाय संचालनका लागी अनुदान सहयोग उपलब्ध गराई परवर्तित समयानुकुल श्रम वजारमा सीपयुक्त र दक्ष जनशक्ति उत्पादनको माध्यमवाट रोजगार सृजना गरी विध्यमानवेरोजगारी समस्याको न्यूनीकरण गर्दै रोजगार तथा ब्याबसायका माध्यामवाट गरिबि निवारणमा योगदान पुर्याउन नगरपालिकाका बिभिन्न भागमा छरिएर रहेका युवाहलाई सीपमूलक तालिममा पहुँच अभिबृदी गर्नुका साथै सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरि स्वरोजगार बनाउने उद्देस्यले बुढीगंगा नगरपालकाको पूर्ण स्वामित्वमा रहने गरि बुढीगंगा सिप बिकास तथा प्रशिक्षण केन्द्र संचालन तथा व्यबस्थापन ऐन २०७९ को अधिनमा रही बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको स्थापना गरिएको छ ।यस नगरपालिकाले सिप विकास केन्द्रको अगुवाईमा सिपमुलक तालिम संचालन ,साना उद्योग

दर्ता ,ब्यबसाय संचालन ,तालिम लिएका व्यक्तिहरुलाई घुम्तीकोष मार्फत अनुदान सहयोग आदि कार्यक्रम मार्फत रोजगारी प्रबर्दन गरि गरिबी न्यूनीकरणमा सहयोग पुर्याउने लक्ष्यका साथ यस आर्थिक वर्ष २०८०/०८१ को माघ महिना देखि आफ्ना क्रियाकलापलाइ अगाडी बढाउदै बिभिन्न किसिमका सिपमुलक तालिम संचालन ,कार्यालय ब्यबस्थापन र नियमित संचालन ,सिप बिकास केन्द्रको दिगोपनाका लागि नीति निर्माण जस्ता कामहरुले प्राथमिकता पाएका थिए ।

**प्रमुख उपलब्धिहरु**

- केन्द्रको आफ्नै भवन निर्माण ,कार्यालय संचालन तथा व्यबस्थापन।
- पोखरा भ्याली टेक्निकल प्राबिधिक तालिम केन्द्र ,उद्योग मन्त्रालय, जिल्ला घरेलु कार्यालय ,जिल्ला सामाजिक बिकास कार्यालय ,बिभिन्न गैह्र सरकारी सस्थाहरु संग समन्वय र सहकार्य गरिनु ।
- बुढीगंगा सिप बिकास तथा प्रशिक्षण केन्द्रको अर्धबार्षिक योजना तयार गरि सोहि अनुसार कार्य हुनु ।
- बुढीगंगा सिप बिकास तथा प्रशिक्षण केन्द्र संचालन कार्यविधिको मस्यौदा तयार हुनु ।
- छोटो अवधिका ( ४५ दिन सम्मका ) ४ वटा र लामो अवधिका ( ४५ दिन भन्दा माथि) ३ वटा सिपमुलक तालिममा जम्मा ११० ( महिला ४९ पुरूष ६१ )जना सहभागी हुनु ।
- ४५ दिने कटाई सिलाइ तालिम पश्चात ३ जना सहभागीले एडभान्स १० दिने मेशिन संचालन तालिम प्राप्त गरि विधुतीय मेशिन सहयोग प्राप्त गर्नु ।
- ४५ दिने कटाई सिलाइ तालिम पछी २० जना सहभागी मध्ये १६ जनाले व्यावसायिक रुपमा सिलाइ सुरु गरेको छन् ।
- दुइ जना महिलालाइ ब्यबसायिक सहयोग स्वरूप सामाजिक बिकास कार्यालय मार्फत रु २०००० सहयोग गरिएको छ ।
- बिधुत जडान,प्लम्बिंग तालिम लिएका ५ जना ले काम सुरु गरेका छन ।

**संख्यात्मक उपलब्धि**

| तालिमको नाम | सहभागी संख्या | | जम्मा | कैफ़ियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| स्थानीय रैथाने बालीहरुको खाध्य परिकार तयारि तालिम | ११ | १४ | २५ | |
| ४५ दिने एडभान्स कटाई सिलाइ तालिम | १५ | ५ | २० | |
| १८० घन्टे बिधुत जडान सम्बन्धि तालिम | ४ | १९ | २३ | |
| १८० घन्टे बासका सामग्री तयारि तालिम | १७ | १२ | २९ | |
| ब्याबसायिक योजना तयारि तालिम | २ | ० | २ | सामाजिक बिकास |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यालय |
| मोबाइल मर्मत ,इलोक्ट्रोनिक,पलम्बिंग तालिम | ० | ११ | ११ | पोखरा भ्याली |
| **जम्मा सहभागी** | **४९** | **५१** | **११०** | |

## मुख्य क्रियाकलापहरु

| क.स | क्रियाकलाप | बास्तबिक खर्च | कैफियत |
|---|---|---|---|
| १ | सिप बिकास केन्द्रको भबन निर्माण | ३१,६२,२४७ | |
| २ | सिप बिकास केन्द्रको घेरबार/ भौतिक निर्माण | ६१३२५०१.८४ | |
| ३ | कार्यालय संचालन खर्च | ४७०० | |
| ३ | सिपविकास केन्द परिषद र सञ्चालन समिती गठन | ५४२५० | |
| ४ | सिपविकास केन्द्र परिषदको बैठक | ५९०१५ | |
| ५ | कर्मचारी तलब भत्ता | ९०७५३९.३३ | |
| ६ | कार्यालय संचालनका लागि सामग्री खरिद | २३९२६७९ | |
| ७ | सिपमुलक तालिम संचालन | २२२४२६६ | |
| ८ | रैथाने बालिका परिकार तयारि तालिम | ६१००१ | |
| **कुल जम्मा** | | १,४९,९९९९.१७ | |

## (ख) कार्ययोजना

| क.सं. | कार्यक्रम विवरण | कहिले गर्ने | जिम्मेवारी |
|---|---|---|---|
| १ | बार्षिक कार्य योजना तयारी | साउन – दोस्रो हप्ता (सम्म ) | सिप बिकास कार्यालय |
| २ | सिपमुलक तालिम ,ब्याबसयिक कार्यक्रम सर्वेक्षण | साउन– भाद्र पहिलो हप्ता | प्रशासन सहायक |
| ३ | परिषद र संचालन समितिको वैठक | प्रत्येक २/२ महिनामा (जारि ) | सिप बिकास कार्यालय |
| ४ | प्रशिक्षक सूचीकरण | असोज महिना भित्र | सिप बिकास कार्यालय |
| ५ | सामग्री खरिद | माघ अन्तिम हप्ता | नगरपालिका र सिप बिकास कार्यालय |
| ६ | तालिम संचालन | असोज देखि बैशाख सम्म | सिप बिकास कार्यालय |
| ७ | नीति निर्देशिका तयारि | मंशिर भित्र | कार्यकारी अधिकृत |
| ८ | ब्यबसाय संचालन कोषबाट अनुदान सहयोगको लागि सुची तयारि | कार्तिक – मंशिर | संचालक समिति र सिप बिकास कार्यालय |

| | | | |
|---|---|---|---|
| ९ | ब्यबसाय संचालन कोषबाट अनुदान सहयोग | पुष – माघ | नगरपालिका र सिप बिकास कार्यालय |
| १० | समन्वय सहकार्य ,प्रस्ताब लेखन | नियमित | कार्यकारी अधिकृत |
| ११ | अनुगमन र फलो अप | नियमित | नगरपालिका र सिप बिकास कार्यालय |
| १२ | आगामी योजना तयार | जेठ पहिलो हप्ता | सिप बिकास कार्यालय |
| १३ | अन्तिम भुक्तानी | असार पहिलो हप्ता | लेखा शाखा |
| १४ | विवरण अद्यावधिक | प्रत्येक महिनाको अन्तिम भित्र | प्रशासन सहायक |

**समस्या /चुनौती**

- सहभागिहरु भत्तामुखी हुनु ।
- युबाशक्ति कामको सिलसिला र अध्ययनको क्रममा बाहिर हुनु ।
- सिप बिकास केन्द्रको नाममा आएको बजेट अन्य शिर्षकमा खर्च गरिनु ।
- कार्यालयका कर्मचारीलाइ नगरपालिकामा काम लगाउदा नियमित कार्य सम्पादनमा अबरोध आउनु ।
- योजना अनुशार क्रियाकलाप सम्पन्न हुन नसक्नु ।
- प्रक्रियागत ढिलासुस्ती ।

**सिकाइ**

- सहभागी छनौट गर्दा वडाबाट आएका शिफारिस भन्दा बस्तिस्तरबाटै सहभागी छनौट गर्दा प्रभाबकारी देखिएको ।
- समय समयमा बजेट बिश्लेषण गर्दा सबै योजना गरिएका क्रियाकलाप सम्पन्न गर्न सहज हुने ।

**सुझाबहरु**

- कर्मचारी भर्ना ,रकम खर्च लगायत कुराहरुमा नियमित समन्वय र सहकार्य हुनुपर्ने ।
- जुन शिर्षकको लागि विनियोजित गरिएको छ सोहि शिर्षकमा रकम खर्च गरिनु पर्ने ।

**निस्कर्ष**

यो वर्ष मात्र स्थापना भएको यस बुढीगंगा सिप बिकास तथा प्रशिक्षण केन्द्रले गरेका प्रमुख कामहरुमा भौतिक संरचना निर्माण ,कार्यालय व्यबस्थापन र संचालन ,नीति निर्माण, सरोकारवालाहरु संग समन्वय सहकार्य रहेका छन् ।आफ्नो स्थापनाको छोटो समयमा नै आधारभुत संरचना तयारमा बढी समय लागेपनि ११० जना भन्दा बढीलाइ बिभिन्न तालिम दिइ सिप हस्तान्तरण गर्नु नै ठुलो उपलब्धिको रुपमा रहेको छ ।

प्रतिबेदक                                                                 स्वीकृत गर्ने